# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकासित मिति २०८३/०३/०२ गते मंगलबारको जनकपुर टुडे)**

यस बैंक (साबिक सेन्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्नि बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१२ गते मंगलबार(सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाही**मा दिनको ठीक ३ :०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७९/०५/२२ गते प्रा.फ.र.नं. १२५२२/०७९/०८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, कर दाता सेवा कार्यालय मलंगवाबाट मिति २०७९/०५/२३ (मूं.अ.क. दर्ता मिति २०७९/०५/२३) मा करदाताको नाम **लालु प्रसाद यादव** कारोवारको नाम दुर्गा ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१८७१०८५८ को प्रमाणपत्र प्राप्त **दुर्गा ट्रेडर्स ।**
ठेगानाः सर्लाही जिल्ला चक्रघट्टा गा.पा. वडा नं. ९ ।

**प्रोप्राइटर तथा जमानतकर्ताः लालु प्रसाद यादव** (ना.प्र.नं. १९१०६७/२२६, जारी मिति २०७०/०१/१२, प्रतिलिपि जारी मिति २०७६/०३/१५, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
**ठेगानाः** जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।
**बाबुः** दिनेश राय ।
**बाजेः** रामचन्द्र राय यादव ।

**जमानतकर्ता कः सिया कुमारी देवी** (ना.प्र.नं.१९३०६७/२४५, जारी मिति २०६३/११/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
**ठेगानाः** जिल्ला सर्लाही खोरिया गा.वि.स. वडा नं ०१ ।
**बाबुः** हरि नारायण राय । **पतिः** दिनेश राय ।
**ससुराः** रामचन्द्र राय ।

**जमानतकर्ताः फुल कुमारी यादव** (ना.प्र.नं. ४८७२०११८, जारी मिति २०४५।०१।०४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । **ठेगानाः** जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।
**बाबुः** ज्ञानचन राय । **पतिः** रामचन्द्र राय यादव ।
**ससुराः** राम धारी राय ।

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. फुल कुमारी यादवको नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खोरिया भगवानपुर गा.वि.स. वडा नं १, नक्सा सिट नं ०७६२२० स्थित कित्ता नं. २, ३ र ४ को क्षेत्रफल १९१.६०, २२९.४० र १८४.४० (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १

२. ऋणी **दुर्गा ट्रेडर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय, मलंगवा सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x25